सुशासन, सामाजिक न्याय र समृद्ध दाङ हाम्रो अभियान
फागुन २१ गतेको निर्वाचनमा तारा चिन्हमा मतदान

चुनाव चिन्ह
तारा

प्रतिनिधिसभा निर्वाचन
२०८२

प्रतिनिधिसभा निर्वाचन दाङ क्षेत्र नम्बर २ मा

नेपाली कम्युनिष्ट पार्टीको

# प्रतिबद्धता–पत्र





## निर्मल आचार्य

प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार, दाङ– २

नेपाली कम्युनिष्ट पार्टी

*सुशासन, सामाजिक न्याय र समृद्ध दाङ हाम्रो अभियान*
*फागुन २१ गतेको निर्वाचनमा तारा चिन्हमा मतदान*

प्रतिनिधिसभा निर्वाचन दाङ क्षेत्र नम्बर २ मा
**नेपाली कम्युनिष्ट पार्टी**को

# प्रतिबद्धता–पत्र

**आदरणीय आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरू !**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि मुलुक नयाँ युगतर्फ अघि बढिरहेको छ। राजनीतिक परिवर्तनले आशा जगाएको छ तर जनताको जीवनमा अपेक्षित रूपान्तरण अझै पूर्णरूपमा देखिन सकेको छैन । सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्यलाई व्यवहारमा उतार्ने ऐतिहासिक जिम्मेवारी अहिलेको पुस्तामाथि आएको छ । सामान्यत: २०८४ मा आमनिर्वाचन हुनुपर्ने हो तर जेनजी विद्रोहपछिको विशिष्ट अवस्थामा २०८२ फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुन गइरहेको छ। यो निर्वाचनमा हाम्रो पार्टी **'सुशासन र रोजगारी, समाजवादको तयारी : राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी'** भन्ने केन्द्रीय नारासहित होमिएको छ । हामीले यसपटक देशभरि नै कसैसँग गठबन्धन नगरेर पार्टीलाई राष्ट्रिय निर्णायक शक्ति निर्माण गर्ने उद्देश्यसहित निर्वाचनमा भाग लिएका छौं। यो निर्वाचनबाट नेपाली कम्युनिष्ट पार्टीलाई नेपाली जनताले प्रगतिशील, वामपन्थी र कम्युनिष्ट

क्रान्तिकारी शक्तिहरूको मूल प्रवाहको रुपमा स्थापित गर्ने दृढ विश्वास लिएका छौँ । दाङ जिल्ला वामपन्थी किल्ला हो र तपाईं आदरणीय दाङबासी जनसमुदाय वाम एकतालाई बलियो बनाउन चाहनुहुन्छ । यसको सुरुवात पनि भइसकेको छ । यहाँहरूको यो भावनाको उच्च सम्मान गर्दै नेपाली कम्युनिष्ट पार्टीले नै अब वाम एकताको झण्डालाई थप गर्वका साथ अगाडि बढाउने छ । त्यसका लागि यहाँहरूको अमूल्य मतको खाँचो छ ।

दाङ क्षेत्र नम्बर २ राजनीतिक र प्रशासनिक केन्द्र मात्र नभई सम्भावना, स्रोतसाधन र ऊर्जाले भरिएको भूमि हो । यहाँको उर्वर कृषि क्षेत्र, युवा जनशक्ति, शैक्षिक तथा स्वास्थ्य पूर्वाधार, सांस्कृतिक विविधता र प्राकृतिक सम्पदालाई योजनाबद्ध ढङ्गले उपयोग गर्न सके दाङलाई समृद्ध र आत्मनिर्भर क्षेत्रका रूपमा विकास गर्न सकिन्छ । स्पष्ट दृष्टिकोण, दृढ इच्छाशक्ति र इमानदार नेतृत्वबाट मात्रै यो सम्भव हुनेछ । विकास नारामा होइन, परिणाम र परिणाममा देखिनुपर्छ । सुशासन कागजमा होइन, जनताको अनुभूतिमा स्थापित हुनुपर्छ । राज्य र जनताको दूरी घटाएर सेवा प्रवाहलाई सरल, पारदर्शी र उत्तरदायी बनाउनु आजको पहिलो शर्त हो । यसै विश्वासका साथ हामी 'सुशासन, सामाजिक न्याय र समृद्ध दाङ' साझा अभियान लिएर यहाँहरूसमक्ष आएका छौँ । यो निर्वाचन केवल प्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र होइन, यो दाङको भविष्य निर्माण गर्ने अवसर पनि हो । परिवर्तनलाई परिणाममा रूपान्तरण गर्ने यस अभियानमा सम्पूर्ण दाङवासीको साथ, विश्वास र सहयोगको अपेक्षा गर्दछौँ । हामीलाई यहाँबाट निर्वाचित गराएर प्रतिनिधिसभामा नेतृत्व गर्ने अवसर दिनुभयो भने निम्नलिखित कार्य पूरा गर्ने प्रतिबद्धता जाहेर गर्दछौँ,

## सुशासन : छरितो सेवा, सक्षम प्रशासन

- हरेक क्षेत्रमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतालाई जोड दिँदै सुशासनलाई मूल आधार बनाएर सार्वजनिक सेवा प्रवाहलाई चुस्त-दुरुस्त बनाइनेछ ।
- राज्यका हरेक सेवा सुविधामा जनताको सहज पहुँच स्थापित गर्न राज्य र जनताको बीचमा पुलको भूमिका निर्वाह गर्ने गरी आवश्यक संयन्त्रको विकास गरिने छ ।
- सरकारी सेवामा नागरिकको पहुँच स्थापित गर्न सबै स्थानीय तहमा गुनासो सुनुवाइ तथा व्यवस्थापन एकाई स्थापना गर्ने नीति बनाइने छ ।
- सार्वजनिक सेवा प्रदायक निकायबाट प्रदान गरिने हरेक सेवालाई छिटो, छरितो, भेदभावरहित र पारदर्शी ढङ्गबाट प्रवाह गरिने छ । नातावाद, कृपावाद निरुत्साहित गरी दक्षता र क्षमताका आधारमा अवसर प्रदान गर्ने र सार्वजनिक सेवाका पदहरूमा क्षमतावान्हरूलाई मेरिटोक्रेसीका आधारमा नियुक्तिको व्यवस्था गरिने छ ।
- सार्वजनिक सेवालाई फेसलेस, पेपरलेस र क्यासलेस बनाउँदै सबै सरकारी सेवा अनलाइन प्रणालीमा रूपान्तरण गरी आवेदन, स्वीकृति र भुक्तानी प्रक्रिया डिजिटल माध्यमबाट सञ्चालन गरिनेछ, इ-फाइल प्रणाली लागू गरी कागजी झन्झट अन्त्य गरिनेछ र सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्क घटाई पारदर्शी, छरितो र बिचौलियामुक्त प्रशासन सुनिश्चित गरिनेछ ।

- स्थानीय तहअन्तर्गत निर्माण हुने प्रत्येक योजनामा टोल विकास संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाई विकास योजनामा जनसहभागिताको पूर्ण सुनिश्चितता गरिनेछ ।
- सावजनिक निकायबाट सूचनाको हकबमोजिम सूचना प्रवाहको अनिवार्य व्यवस्था मिलाइने छ । सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउने नीति निर्माण गरिने छ ।

## प्रविधिमैत्री सर्वसुलभ शिक्षा : सक्षम दाङ हाम्रो लक्ष्य

शिक्षा राष्ट्र विकासका लागि पूर्वाधारको पनि पूर्वाधार हो । निःशुल्क, गुणस्तरीय, वैज्ञानिक र सर्वसुलभ शिक्षा र शिक्षामा सबैको पहुँच स्थापित गर्न निम्नानुसारको व्यवस्था गरिनेछ,

- विद्यालय कर्मचारी तथा अस्थायी प्रकृतिका शिक्षक-कर्मचारीको पेशागत सुरक्षा, सम्मान र स्थायित्वलाई प्राथमिकतामा राख्दै शिक्षा क्षेत्रका विद्यमान समस्याहरूको समग्र समाधानका लागि सरोकारवालासँग व्यापक परामर्श गरी यथाशीघ्र विद्यालय शिक्षा ऐन जारी गरिनेछ ।
- नेपाल संस्कृत विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको चिकित्सा शिक्षा, कृष्णसेन बहुप्राविधिक शिक्षालय, नर्सिङ कलेजहरू, सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई प्रभावकारी बनाएर दाङलाई शैक्षिक हबको रूपमा स्थापित गरिने छ ।
- गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासका लागि घोराही इन्जिनियरिङ कलेजको सञ्चालन एवम् वन

तथा कृषि क्याम्पसको स्थापनालाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

- बेलझुण्डीस्थित नेपाल संस्कृत विश्वविद्यालयलाई पूर्वीय दर्शन अध्ययन तथा अनुसन्धान केन्द्रको रूपमा विकास गरिनेछ । आयुर्वेदिक अध्ययन संस्थालाई आयुर्वेदिक विश्वविद्यालयमा रुपान्तरण गरिने छ ।
- ब्रह्मकुमारी विश्वविद्यालयलाई योग, साधना र ध्यानकेन्द्रको रूपमा थप स्थापित र विकास गरिने छ ।
- घोराहीको बालमन्दिर विद्यालयलाई अटिज्म र फरक क्षमताका विद्यार्थीका लागि प्रदेश सरकारको मातहत रहने सुविधासम्पन्न विशेष विद्यालयमा स्तरोन्नति गरिने छ ।
- संविधानको मर्मअनुसार कक्षा १२ सम्म निःशुल्क र प्रविधियुक्त गुणस्तरीय शिक्षा सुनिश्चित गरिने छ । सामुदायिक विद्यालयहरूलाई पूर्वाधार, प्रविधिमैत्री तथा सुविधासम्पन्न बनाउँदै शैक्षिक गुणस्तर वृद्धि गरिने छ ।
- विभिन्न धार्मिक प्रकृतिका गुरुकुल, मदरसा, गुम्बा पद्धतिमा आधारित शैक्षिक संस्थाहरूलाई सम्बन्धित समुदायको सहकार्य र समन्वयमा व्यवस्थित गरिने छ ।
- बङ्गलाचुली गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार र शैक्षिक गुणस्तर विकासमा विशेष जोड दिइने छ ।
- प्रत्येक वडामा एक एक वटा नमुना तथा बालमैत्री विद्यालयमार्फत् सिकाई उपलब्धि विस्तार गरिने छ ।
- प्राथमिक तहसम्म मातृभाषामा पठनपाठनको व्यवस्था मिलाइने छ ।

- छात्राबाससहितका ठूलो आवासीय सामुदायिक विद्यालय स्थापनामा जोड दिइनेछ ।
- सहिदस्मृति विद्यालयहरूमा राज्यको दायित्व र लगानी वृद्धि गर्दै तिनलाई गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षाको केन्द्रका रूपमा विकास गरिनेछ ।
- विज्ञ शिक्षक/प्राध्यापकमार्फत् दुर्गमका विद्यालयहरूमा 'स्वयम्सेवक विज्ञ'को रूपमा समय सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

## स्वस्थ दाङवासी, सशक्त दाङ
## पहुँचयोग्य स्वास्थ्य, सुरक्षित भविष्य

- राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई बहुविशेषज्ञ सेवासहितको सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्दै यस प्रदेशकै उत्कृष्ट चिकित्सा शिक्षाको केन्द्रको रूपमा स्थापित गरिने छ। बिजौरीको आयुर्वेद अस्पताललाई आयुर्वेद औषधि उत्पादन केन्द्रको रूपमा समेत विकास गरिनेछ ।
- थारु समुदायमा विकराल बन्दै गएको सिकलसेल एनिमियाको परीक्षण, प्रभावकारी उपचार र सहज कार्ड व्यवस्थापनका लागि स्रोत अस्पतालमा व्यवस्था गरी निःशुल्क विशेषज्ञ सेवा उपलब्ध गराइने छ ।
- यस क्षेत्रमा बसोबास गर्ने गर्भवती र सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिने छ। ६० वर्षभन्दा माथिका नागरिक, गर्भवती महिला, दीर्घरोगी, अपाङ्गता भएका, विपन्न, द्वन्द्वपीडित, एकल महिला तथा स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसकेका नागरिकका लागि निःशुल्क

स्वास्थ्य विमासहित घरमै स्वास्थ्यकर्मी पुगेर निःशुल्क नियमित परीक्षण, परामर्श र उपचार तथा निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिने छ ।

- सहुलियत र सहज औषधि वितरणका लागि गाउँ-नगर फार्मेसी सञ्चालन गरिने छ ।
- प्रत्येक सामुदायिक विद्यालयमा नर्स तथा मनोविज्ञको दरबन्दी सिर्जना गरी किशोर-किशोरीलाई स्वास्थ्य चेतना र मनोपरामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ । साथै प्रत्येक विद्यालयका किशोर-किशोरीहरूलाई मार्शल आर्टको तालिम दिई आत्मसुरक्षाको व्यवस्था मिलाइने छ ।
- प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीको स्तरवृद्धि गरी आकस्मिक उपचार तथा वर्थिङ सेवासमेत वडामै उपलब्ध हुने व्यवस्था गरिने छ । साथै आवश्यकताअनुसार सबै वडामा अस्पताल निर्माणको नीति लिइने छ । एम्बुलेन्स नभएका स्वास्थ्य संस्थाहरूमा एम्बुलेन्सको व्यवस्था गरिने छ ।
- विद्यालयहरूमा लागूऔषध दुर्व्यसन न्यूनीकरण र जङ्कफुड नियन्त्रणका लागि सचेतना अभियान सञ्चालन गरिने छ ।
- बङ्गलाचुली अस्पतालमा सरकारी दरबन्दी कायम गरी विशेषज्ञ उपचार सेवासहितको ‘नमुना अस्पताल’को रूपमा विकास गरिने छ ।
- जैविक विविधताको संरक्षण र पर्यापर्यटनलाई ध्यान दिँदै नागरिकको नियमित व्यायाम र मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिने गरी विभिन्न क्षेत्रमा मर्निङवाक रुट तथा खुला व्यायामशाला निर्माण गरिने छ ।

## सिँचाइ, आधुनिक प्रणाली र बजार : कृषि क्रान्तिको आधार

- खेतबारीमा सिँचाइ सुविधा, मल र बीउको सहज उपलब्धता, कृषि प्राविधिकको व्यवस्थासहित कृषि उत्पादनको गुणात्मक वृद्धि, कृषिको आधुनिकीकरण तथा कृषि एम्बुलेन्ससहितको बजारीकरणका लागि आवश्यक पहल गरिनेछ।
- कृषिको व्यावसायिकरण र आधुनिकीकरणका लागि कम्तीमा पशु तथा बालीविज्ञसहित हरेक वडामा कृषि प्राविधिकको व्यवस्था गरिने छ।
- उपलब्ध साधन स्रोतको सीमाभित्र रही कृषकहरूलाई अनुदान र सहुलियतपूर्ण ऋण सहयोग उपलब्ध गराइने छ।
- किसानलाई बढीमा पाँच वर्षसम्मको ब्याज अनुदानमा कृषि ऋणको व्यवस्था गर्न पहल गरिने छ।
- भौगोलिक विविधता र उत्पादनको सम्भाव्यताका आधारमा 'एक वडा, एक नमुना उत्पादन' कार्यक्रमलाई अगाडि बढाइने छ। साथै प्रत्येक वडामा 'घुम्ती शीत भण्डारण'को स्थापना गरिने छ।
- मह प्रशोधन केन्द्र स्थापना गरिने छ। दाङको महलाई ब्राण्डिङ गरिने छ। पछिल्लो समय दाङ जिल्ला मह उत्पादनको हब बन्दै गएकाले सामूहिक मौरीपालन गर्ने किसानलाई अनुदानको रुपमा आधार चाकासहितको घार उपलब्ध गराइने छ।
- पशुपंक्षी र माछापालन व्यवसायलाई विशेष प्रोत्साहन गर्न विद्युत महसुल छुटको व्यवस्था गरिने छ।

- उत्पादन वृद्धिसँगै उत्पन्न हुने बजारीकरणको समस्या समाधानका लागि 'कृषि एम्बुलेन्स'मार्फत् आपूर्तिको व्यवस्थापन गर्न पहिल गरिने छ। कृषि उत्पादनको न्यूनतम समर्थनमूल्य तोकिने छ ।
- हरेक वडामा कृषि हाटबजारको व्यवस्थापन गर्न पहल गरिने छ ।
- हरेक वर्ष खेती लगाउनुअघि नै सबै वडाका कृषि सहकारीमार्फत् पर्याप्त रसायनिक मलको उपलब्धता सुनिश्चित गरिने छ ।
- हरेक वडामा कृषि उत्पादनलाई प्राथमिकता राखेर बोरिङ सिँचाइ र पहाडी क्षेत्रमा लिफ्ट र थोपा सिँचाइ कार्यक्रम सञ्चालन गरिने छ ।
- ग्वारखोला-तेलिया सिँचाइ नहरलाई मनिकापुर, बघौसी, झिंगै, मंगरीसम्म विस्तार गरिने छ । बिजौरी ग्वारखोला तटबन्धलाई प्राथमिकताका साथ अघि बढाइने छ । चौध मौजालाई समेट्ने मल्लवारे कुलो सिंचाइ आयोजना र मानपुरे कुलो सिँचाइ आयोजनालाई प्राथमिकतामा राखेर स्तरवृद्धि गरी सञ्चालन गरिने छ ।
- बबई नदी, कटुवाखोला, सेवारखोला, हापुरखोला, पत्रेखोला, सिस्नेखोलालगायत विभिन्न नदी तथा खोलाको कटान रोक्न तटबन्धनको कामलाई प्राथमिकताका साथ अघि बढाइने छ ।
- बबई नदीबाट हुने क्षतिको न्यूनीकरण तथा यसको क्षमतालाई सदुपयोग गर्दै दुबै किनारामा 'बबई तटबन्ध तथा हरित करिडोर सडक' निर्माण गरिनेछ ।

- खेतबारीमा सिँचाइ सुविधा, मल र बीउको सहज उपलब्धता, कृषि प्राविधिकको व्यवस्थासहित कृषि उत्पादनको गुणात्मक वृद्धि, कृषिको आधुनिकीकरण तथा बजारीकरणका लागि आवश्यक पहल गरिनेछ ।
- कृषक र उपभोक्ताबीचको सहज, सुलभ र गुणस्तरीय तथा विचौलियारहित खरिद बिक्री प्रणालीको व्यवस्था मिलाइने छ ।
- खाद्य शृङ्खलाका हरेक चरणमा गुणस्तरीय र विषादीरहित उपभोगको लागि परीक्षण तथा मापनको व्यवस्था गरिने छ ।
- कृषिमा गाउँ-नगर साझेदारीको व्यवस्था गरिने छ। शहरमा कौशी खेती प्रोत्साहनको कार्यक्रम विस्तार गरिने छ ।
- कृषि तथा पशुपंक्षीमा उत्पादनमा आधारित अनुदान प्रणालीको व्यवस्था गरिने छ ।

## पहुँचयोग्य पूर्वाधार : समृद्धिको आधार

- दाङको समग्र विकासका लागि '**दाङ उपत्यका विकास प्राधिकरण**' गठन गरिनेछ ।
- घर-घरमा शुद्ध र सर्वसुलभ खानेपानी व्यवस्थापनका लागि मुहानको पहिचान, संरक्षण तथा आपूर्तिको प्रभावकारी व्यवस्था गरिनेछ ।
- व्यवस्थित सहरीकरणका लागि वैज्ञानिक, योजनाबद्ध, ढल निकासयुक्त र धुलोमुक्त सडक सञ्जालसहितको वातावरणमैत्री पूर्वाधारको विकास गरिनेछ ।

- घोराही-तुलसीपुर चारलेन सडक समयमै सम्पन्न गरिनेछ र यसलाई लमही-घोराही-तुलसीपुर चारलेन सडकको रूपमा विस्तार गर्न पहल गरिनेछ ।
- कोइलाबास-घोराही-होलेरी सहिदमार्ग, घोराही-बङ्गलाचुली- प्युठान सडक, दामोदर मार्ग, घोराही-रक्षाचौरलगायत सडकहरूको कालोपत्रेसहित स्तरोन्नतिलाई प्राथमिकताका योजनाको रूपमा अघि बढाइनेछ । सबै ग्रामीण सडकलाई कालोपत्रे गरिनेछ ।
- मानवीय स्वास्थ्य र सुरक्षित जीवनलाई ध्यानमा राखेर सिमेन्ट उद्योगका टिप्पर सञ्चालनका लागि वैकल्पिक औद्योगिक मार्गको सुनिश्चितता गरिनेछ ।
- सिमेन्ट उद्योग र स्थानीयबासीबीचको द्वन्द्व व्यवस्थापन गर्दै उद्योगहरूले अनिवार्य पूरा गर्नुपर्ने सामाजिक उत्तरदायित्वलाई एकद्वार प्रणालीमार्फत् व्यवस्थित गरिने छ ।
- हरेक विकास नीति तर्जुमा गर्दा अपाङ्गता भएका व्यक्तिको हितलाई केन्द्रमा राखिने छ र अपाङ्गतामैत्री पूर्वाधारसहित सहर संरचना निर्माण गर्ने नीति बनाइने छ ।
- दाङमा नियमित हवाइ उडान हुने गरी विमानस्थल व्यवस्थित गरिनेछ ।
- कालोपत्रे हुन बाँकी सडकहरूलाई क्रमिकरूपले स्तरीय र टिकाउ हुनेगरी कालोपत्रे गर्दै लगिने छ ।
- मदन भण्डारी लोकमार्गको घोराही-मुर्कुटी-प्युठान खण्डलाई पुनः कालोपत्रे गरी राष्ट्रिय राजमार्गको रूपमा विकास गरिने छ ।

- घोराही-मसिना-मर्पेस-बोझपोखरा-उजामन्दिर-स्वर्गद्वारी सडकलाई स्तरोन्नति गरी कालोपत्रे गरिने छ।
- यस क्षेत्रका हरेक वडालाई घोराहीसँग जोड्ने कृषि स्मार्ट सडकको निर्माण गरिने छ।
- होलेरी-नारायणपुर-रिहार सडक निर्माण गरिने छ।
- दहवन-ग्वारखोला बिजौरी सडक स्तरोन्नति गरी कालोपत्रको पहल गरिने छ। बिजौरी-छिल्लीकोट-सक्राम बिजौरी पर्यटन मार्ग स्तरोन्नति गरी कालोपत्रे गरिनेछ।
- घोराही-घोरदौरा सडक स्तरोन्नति गरी कालोपत्रे गरिनेछ।
- घोराहीदेखि सैघा, कमरकोट, बस्तीकोट, मौलाकोट, चाक्लीघाट, सोरेठी, चाँचला, बसेरी, रज्जेमन्नामे, माले, खुङ्कोट, माराकोटलगायतका विकट क्षेत्रहरूमा बाह्रै महिना यातायात सञ्चालन हुनेगरी सडक निर्माण, सुधार र स्तरोन्नति गरिने छ।
- घोराही-हापुर-रक्षाचौर सडकलाई एक वर्षभित्र कालोपत्रे गरी वैकिल्पिक मार्गको रूपमा प्रयोगमा ल्याइने छ।
- कुहिरेपानी-सर्रा दामोदर सडकलाई कालोपत्रे गरी ठूला सवारी साधनको वाइपास रोडको रूपमा प्रयोगमा ल्याइने छ।
- बङ्गलाचुली गाउँपालिकाले सञ्चालन गरेको **'एक घर, एक धारा'** कार्यक्रमलाई सफल बनाउन सङ्घीय सरकारबाट बजेट सुनिश्चितता गरिने छ।
- घोराही उमहानगरपालिका १९ लगायत आधारभूत खानेपानी सेवा उपलब्ध नभएका बस्तीमा स्रोत पहिचान गरी खानेपानीको व्यवस्थापन गरिने छ।

- घोराहीको घोरदौरालगायत पानीको स्रोत नभएका पहाडी बस्तीमा तत्काल लिफ्टमार्फत् खानेपानीको व्यवस्था गरिने छ।
- यस निर्वाचन क्षेत्रभित्रका हरेक घर परिवारलाई उज्यालो कार्यक्रमार्फत् जोडिने छ । हालसम्म विद्युतीकरण हुन नसकेका स्थानमा राष्ट्रिय विद्युत प्रसारणमार्फत् जोडिने छ । न्यून भोल्टेजको समस्या भएका स्थानहरूमा विद्युत प्राधिकरणसँग सहकार्य गरी थ्रीफेज तार र ट्रान्सफर्मर जडान गरी समस्या समाधान गरिने छ ।
- बजार क्षेत्रलाई थप व्यवस्थित, सफा र सुन्दर राख्न विद्यमान नियम कानुनलाई व्यवस्थित गरिने छ ।
- सम्भावित नदी तथा खोलामा हाइडचाम तथा कृत्रिम जलाशय निर्माणलाई प्राथमिकतामा राखेर जलस्रोत वृद्धिमार्फत् सिँचाइ सुविधा, हरियाली प्रवर्द्धन तथा पर्यावरणीय पर्यटनको विकासलाई कार्यक्रमगत रूपमा अघि बढाइनेछ।
- शहरी क्षेत्रमा स्वच्छ, सुरक्षित र पहुँचयोग्य सार्वजनिक शौचालयहरूको निर्माण तथा नियमित व्यवस्थापन सुनिश्चित गरिनेछ ।
- खोला तथा नदी किनारामा रहेका खाली बगर क्षेत्रमा वृक्षारोपणमार्फत् वन क्षेत्र विस्तार र बगरखेतीका लागि प्रोत्साहन गरिने छ ।

## स्थानीय स्रोत, वैश्विक बजार : प्रविधि र उद्यमशीलतामा हाम्रो नजर

- युवाका लागि सूचना प्रविधि तालिमको व्यवस्था गरी देशभित्रै बसेर सूचना प्रविधि सेवा निर्यातमार्फत् वैदेशिक मुद्रा

आर्जन गर्ने आधार तयार पार्न घोराहीमा सूचना तथा सञ्चार प्रविधि केन्द्र (आईसिटी हब) स्थापना गरिनेछ ।

- कृषि उद्योगलाई प्राथमिकता दिनेगरी स्थानीय कच्चा पदार्थको उपयोगको सुनिश्चिततासहित वातावरणमैत्री औद्योगिक क्षेत्र सञ्चालनमा ल्याइनेछ ।
- दाङमा सञ्चालित सिमेन्टलगायत अन्य उद्योगहरूबाट सिर्जित वातावरणीय प्रदूषण व्यवस्थापन गर्न विशेष जोड दिइने छ ।
- स्थानीय स्रोतमा आधारित घरेलु तथा साना उद्योगहरूको स्थापना गरी उनीहरूले उत्पादन गरेका वस्तु तथा सेवाको बजारीरणमा सहयोग पुऱ्याउन निजी क्षेत्र र सहकारीलाई प्रोत्साहित गरिनेछ । स्थानीय कच्चा पदार्थ, स्थानीय कला र सीप, स्थानीय जनशक्ति र प्रविधि प्रयोग गर्ने उद्योगहरूलाई सहुलियत र संरक्षण प्रदान गरिने छ । कुनै पनि सरकारी निकायमा दर्ता नभई व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीहरूलाई करको दायरामा ल्याइनेछ ।
- कोइलाबास नाका प्रभावकारीरूपमा सञ्चालन गरी सहज आयात निर्यातको व्यवस्था मिलाइने छ ।
- युवा उद्यम र स्वरोजगार प्रवर्द्धनका लागि बिनाधितो सहुलियत व्याजदरमा ऋणको व्यवस्था गर्न पहल गरिनेछ ।
- बढ्दो सहरीकरणबाट उत्पन्न ट्राफिक जाम र दुर्घटना न्यूनीकरणका लागि उचित पार्किङ व्यवस्थासहित अटो व्यवसायलाई व्यवस्थित र नियमन गरिनेछ, तथा **'एक शहर, एक व्यवस्थित अटो भिलेज'** अवधारणा कार्यान्वयन गर्न पहल गरिनेछ ।

- यस क्षेत्रको पहिचान बन्दै गएको अल्लो उद्योग र यसबाट बनेका कपडाको ब्राण्डिङ र बजारीकरणमा विशेष पहल गरिने छ ।

## समन्यायिक र सम्मानपूर्ण जीवन : सुरक्षित दाङ, हाम्रो पहिचान

- स्वर्गद्वारी गुठीको जग्गामा देखिएको मोही समस्या समाधानका लागि यथाशीघ्र कानुन निर्माण गरी किसानको हकलाई अग्राधिकार दिएर न्यायोचितरूपमा समस्याको दीर्घकालीन र स्थायी समाधानका लागि पहल गरिनेछ । साथै, यस क्षेत्रको प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्य स्वर्गद्वारीलाई पूर्वाधार विकास, व्यवस्थापन सुदृढीकरण र प्रचार-प्रसारमार्फत् व्यवस्थित र आकर्षक बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्न ठोस योजना अघि बढाइनेछ ।
- पहिरोको जोखिममा रहेका बङ्गलाचुलीलगायतका पहाडी वस्तीको पहिचान गरी त्यहाँका बासिन्दालाई स्थानान्तरण गरेर सुरक्षित नमुना बस्ती स्थापना गरिने छ। साथै बबई नदी र अन्य खोलाबाट खतरामा रहेको बस्तीहरूको पनि पहिचान गरी सुरक्षित बसोबासको व्यवस्था मिलाइने छ।
- घरवारविहीन, सुकुम्बासी, भूमिहीन परिवारका लागि स्थानीय तह र भूमि आयोगसँग समन्वय गरी लालपूर्जासहित तत्काल जग्गा व्यवस्थापन गरिने छ ।
- स्थानीय तहसँगको समन्वयमा जोखिम व्यवस्थापन कोष व्यवस्थित गरिने छ । वर्षा सुरु हुनुपूर्व कुला, नहर तथा

जोखिमका बस्तीहरूको प्राविधिक अनुगमन गरी जोखिम न्यूनीकरण गरिने छ ।

- लघुवित्त संस्थाबाट अत्यधिक ब्याजदर, दोहोरो ऋणको चक्र र अस्वस्थ असुली प्रक्रियाका कारण पीडित नागरिकको समस्या समाधान गर्न विशेष पहल गरिनेछ । अन्यायपूर्ण ब्याज तथा जरिवाना पुनरावलोकन, ऋण पुनर्संरचना र सहुलियत पुनर्भुक्तानी व्यवस्था लागू गरिनेछ । पीडितका गुनासा सुनुवाइका लागि विशेष संयन्त्र गठन गरी कानुनी संरक्षण सुनिश्चित गरिनेछ । साथै, उत्पादनमुखी सहकारी र सस्तो ब्याजदरमा वैकल्पिक वित्तीय पहुँच विस्तार गरी गरिब तथा निम्न आय भएका वर्गलाई शोषणमुक्त आर्थिक वातावरण प्रदान गरिनेछ ।
- लैङ्गिक समानता, सुरक्षा र क्षमतावृद्धिसहित महिला सशक्तीकरणका लागि ठोस कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- यस क्षेत्रमा बसोबास गर्ने शारीरिक, मानसिक र आर्थिकरुपमा हिंसामा परेका महिला, बालबालिका, युवा, किशोरकिशोरी, अपाङ्गता भएका, लोपोन्मुख र ज्येष्ठ नागरिकका लागि परामर्शसहितको सम्पूर्ण आधारभूत सेवा नि:शुल्क गर्ने गरी राज्यस्तरबाट 'सुरक्षा गृह' सञ्चालन गरिने छ ।
- ज्येष्ठ नागरिकका लागि प्रत्येक वडामा 'ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र' स्थापना गरी पोषणयुक्त खाजाको व्यवस्था गरिनेछ । सो केन्द्रबाट ज्येष्ठ नागरिकका लागि नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ ।

- सामाजिक विभेद तथा जातीय छुवाछूत अन्त्यका लागि बनेको कानुनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ । विशेषत: समाजलाई पछाडि पार्ने घरेलु हिंसा र बोक्सीलगायत विभिन्न प्रथाजन्य हिंसा नियन्त्रणका लागि सरकारीस्तरको संयन्त्र तयार गरिने छ ।
- हरेक वडामा बालउद्यान निर्माण गरिने छ । बालबालिका तथा युवाहरूलाई लागु औषध दुर्व्यसनबाट जोगाउन टोलटोलमा स्वास्थ्य जाँच तथा विद्यालयमा सचेतना अभियान सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
- शहरी सुरक्षाका लागि सिसीभिटी क्यामरा जडान र मुख्य चोकहरूमा फ्लडलाइट विस्तार गरिने छ ।

## संस्कृति संरक्षण र पर्यटन : सभ्य दाङ, हाम्रो पहिचान

- धारापानी–गोरक्षनाथ–अम्बिकेश्वरी-बाह्रकुने-स्वर्गद्वारी-छिल्लीकोट धार्मिक तथा सांस्कृतिक पर्यटन सर्किटको विकास गरिनेछ । धार्मिक मठ-मन्दिरहरूको जीर्णोद्धार, संरक्षण र प्रवर्द्धन गर्दै पर्यटकीय क्षेत्रको रुपमा विस्तार गरिनेछ ।
- बङ्गलाचुली कमिरेचौर क्षेत्रलाई हिमशृङ्खला दृश्यावलोकन क्षेत्रको रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिने छ ।
- कृषि पकेट क्षेत्र तथा जलाशयलाई सौन्दर्यकरण गरी कृषि र पर्यापर्यटनको विकास गरिनेछ ।

- उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायी तथा होटल व्यवसायीसँग सहकार्य गरी स्थानीय पर्यटकीय स्थलको प्रचार-प्रसार गरिनेछ ।
- मनोरञ्जन पार्क निर्माण र सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ; समुदायले चाहँदा पूर्वाधार निर्माणमा अनुदान उपलब्ध गराइनेछ ।
- स्थानीय कला संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोड्ने कार्यक्रम अघि बढाइनेछ ।
- यस क्षेत्रका प्रमुख धार्मिक स्थल जस्तै स्वर्गद्वारी आश्रम, अम्बिकेश्वरी मन्दिर, गोरक्षरत्ननाथ मठ (चौघेरा), धारपानी मन्दिर, बराह क्षेत्र (बाह्रकुने), मन्ठोरिया भवानी मन्दिर (नारायणपुर), उजादेवी भगवती मन्दिर, बिजौरीको शिवालय, राधाकृष्ण मन्दिर (गुलरिया), बङ्गलाचुली शिवालय, रतननाथ मन्दिर (थानगाउँ), कालिकामालिका मन्दिर (छिल्लीकोट), गढीटाकुरा भगवती मन्दिर, बौद्ध गुम्बा, मस्जिद, चर्च आदि संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- प्रमुख पर्यटकीय स्थल (बाह्रकुने, ज्यामिरे, मौलाकोट, घोरदौरा, सवारीकोट, भोटे दह, ज्यामिरे दह, चेपे दह, लरैना ताल, छिल्लीकोट, बङ्गलाचुली, गढीलेक, रानीथुम्की, धिमधिमे, जलकुण्डी गुफा, हेमन्तपुरको दूधेगजेरी जलाशय) मा पर्यटकीय पूर्वाधार विकास गरिनेछ ।
- सरयू नदीको मुहान क्षेत्रको वैज्ञानिक संरक्षण र दीर्घकालीन पूर्वाधार विकास गरी आन्तरिक-बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।

- प्राचीन दाङ राज्य, प्राचीन छिल्ली राज्य, राप्तीको पुरानो सदरमुकाम मानपुरलगायत प्राचीन सांस्कृतिक क्षेत्रको अध्ययन, अनुसन्धान र उत्खनन् गरिनेछ ।
- उत्तरवाहिनी नदी क्षेत्रलाई धार्मिक आस्था, जैविक विविधता संरक्षण र इको-टुरिजमसँग जोड्दै व्यवस्थित विकास गरिनेछ ।
- संक्रामको 'क्रान्ति सङ्ग्रहालय' निर्माणको काम तत्काल सुरु गरिनेछ ।
- विभिन्न जाति समुदायका कुलदेवता, बराहथान र भूइँयारथान संरक्षणमा जोड दिइनेछ ।
- थारु समुदायभित्र परम्परादेखि चलिआएका मटावा र देशबन्ध्या गुरुवा प्रथालाई कानुनी मान्यता दिलाई भूइयाँर थान पूजा तथा अन्य सांस्कृतिक पूजाहरूमा नियमित अनुदान सुनिश्चित गरिनेछ ।
- मगर समुदायका भूमे नाच, तीर हान्ने लगायतका सांस्कृतिक पर्व प्रवर्द्धनका लागि आवश्यक सांस्कृतिक स्थल निर्माण र नियमित अनुदानको पहल गरिनेछ ।
- साहित्यिक संस्थाको भौतिक संरचना, पुस्तकालय व्यवस्थापन र सिर्जनात्मक गतिविधिका लागि नियमित सहयोग कार्यक्रम बनाइनेछ ।
- नेपाल मगर सङ्घ, थारु कल्याणकारिणी सभालगायत संस्थाले हरेक वर्ष आयोजना गर्ने मौलिक सांस्कृतिक महोत्सवलाई प्रोत्साहन गरिनेछ ।

## युवाको नेतृत्व : खेलकूद र सामाजिक उत्तदायित्व

- नवयुवाको सृजनात्मक क्षमता तथा खेलकुद क्षेत्रको विकासका लागि बहुउद्देश्यीय रङ्गशाला निर्माण तथा एक विद्यालय एक खेल शिक्षकको व्यवस्था गरिनेछ । युवा नेतृत्व तथा क्षमता विकासका लागि युवाकेन्द्रित कार्यक्रम बनाइने छ ।
- प्रत्येक वडामा एक खेलमैदान निर्माण गरिने छ ।
- लागुऔषध दुर्व्यसनलाई नियन्त्रण तथा निरुत्साहित गर्न युवा क्लवहरूसँगको सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- समुदायकेन्द्रित सचेतना, उत्पादन र विकासका कार्यक्रममा युवा क्लव तथा युवा समूहसँग साझेदारी गर्ने नीति निर्माण गरिने छ ।
- सामाजिक उत्तरदायित्वमा युवाको सहभागिता सुनिश्चित गर्न स्वयम्सेवी र सामाजिक अभियानहरू सञ्चालन गरिनेछ ।
- सांस्कृतिक तथा परम्परागत मेला, पर्वलाई खेलकुद कार्यक्रमसँग जोडेर स्थानीय पहिचान र युवा सहभागिता प्रवर्द्धन गरिनेछ ।

**निर्मल आचार्य**

प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार

**नेपाली कम्युनिष्ट पार्टी**

चुनाव प्रचारप्रसार समिति

दाङ क्षेत्र नम्बर २


सुशासन, सामाजिक न्याय र समृद्ध दाङ
हाम्रो अभियान
फागुन २१ गतेको निर्वाचनमा
तारा चिन्हमा मतदान
फागुन
तारा चिन्हमा
मतदान
निर्मल आचार्य
प्रतिनिधिसभा सदस्य उम्मेदवार
क्षेत्र नं. २, दाङ
नेपाली कम्युनिष्ट पार्टी